यो आकाशवाणी हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार

- प्रधानमन्त्रीले भारतले विकासका लागि नयाँ मार्ग बनाउदै गरेको बताउनुभयो
- केन्द्रीय वित्त मन्त्रीले भारतीय स्टेट ब्याङ्कको अतुलनीय विकास गाथाको गर्नुभयो सराहना
- सर्वोच्च न्यायालयले कड़ा प्रदूषण रोधी उपाय लागू गर्न ढिलो भएकोमा गऱ्यो दिल्ली सरकारलाई प्रश्न
- श्रीलंकाको नवनियुक्त मन्त्री परिषदले गऱ्यो शपथ ग्रहण , अनि
- आयुष्मान वय वन्दना काडले दस  लाख भन्दा अधिक नागरीकलाई  नामाङ्कित गरेर महत्वपूर्ण उपलब्धि गऱ्यो हासील

**प्रधानमन्त्री-प्रवासी भारतीय**

प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले भन्नुभएको छ, भारतले अब सुविधामा जीउने स्थितिबाट बाहिर निक्लेर नवाचारलाई अप्नाउदैछ र विकासका लागि नयाँ मार्ग बनाउदैछ, जो शानदार पहिचान बनी सकेको छ। नाइजीरियाको राजधानी **अबूजामा** प्रवासी भारतीयलाई सम्बोधित गर्दै श्री मोदीले भन्नुभयो विकसित भारतको लक्ष्य प्राप्त गर्नका लागि देशले नयाँ यात्रा शुरु गरेको छ । सरकारको उपलब्धीहरूको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो , भारतमा अब डेढ़ लाख भन्दा अधिक **पंजीकृत स्टार्ट अप्स**  छ। उहाँले बताउनु भयो पछिलो दशकमा यस्तो एक सय भन्दा धेरै स्टार्ट अप कम्पनी स्थापित भएको छ जसको मोल एक अरब भन्दा अधिक छ । यसले स्टार्ट अप संस्कृतिमा भारतको सफलता साबित भएको छ।

**सीतारामन-शताब्दी समारोह**

केन्द्रीय वित्त र करपोरेट कार्य मन्त्री **श्रीमती निर्मला सीतारामनले** आज भारतीय स्टेट ब्याङ्कको अतुलनीय विकास गाथाको सराहना गर्नुभयो। मुम्बईमा भारतीय स्टेट ब्याङ्कको मुख्य शाखा भवनको शताब्दी समारोहमा वित्त मन्त्रीले भन्नुभएको छ, Imperial Bank of India बनाउनका लागि तीनवटा Presidency Bank –को विलय गरिएको थियो जो आज भारतीय स्टेट ब्याङ्क बनी सकेको छ। **श्रीमती सीतारामनले** देशमा डिजिटल banking लाई बढाउने र यसको विकास गर्नका लागि पनि भारतीय स्टेट ब्याङ्कको प्रसंशा गर्नुभयो। उहाँले भन्नुभयो , यो ब्याङ्कले प्रतिदिन बीस करोड़ यू.पी.आई लेनदेन गर्न सक्छ। ।

**सर्वोच्च न्यायालय-ग्रैप-4**

सर्वोच्च न्यायालयले आज Graded Response Action Plan-Gap **-चार** अन्तर्गत कड़ा प्रदूषण रोधी उपाय लागू गर्न ढिलो भएको विषय लिएर दिल्ली सरकारलाई प्रश्न गरेको छ। न्यायालयले निवारक उपायलाई कम गर्नमा पनि प्रश्न उठाउदै भन्यो , यसमा पूर्व अनुमति बिना यी उपायहरूलाई कम गर्ने अनुमति मिल्ने छैन । न्यायाधीश अभय एस. ओका र **अगस्टिन जर्ज मसीहको पीठले** भनेको छ , राष्ट्रीय राजधानी क्षेत्रमा वायु गुणवत्ता सूचकाङ्क अति गम्भीर स्तरमा पुगेपछि पनि ग्याप-चार अन्तर्गत निवारक उपायलाई लागू गर्न ढिले भएको छ। यस पीठले भनेको छ ,वायु गुणवत्ता सूचकाङ्क तिन सय देखी चार सय बिच पुग्दा नै ग्याप-चारको प्रतिवन्धहरू अवश्य पालन गरिनु पर्छ। वायु गुणवत्ता प्रबन्धन आयोग-सी.ए.क्यू.ए.म-ले हिजो बिहान आठ बजी देखी ग्याप-चार अन्तर्गत दिल्ली र राष्ट्रीय राजधानी क्षेत्रका लागि कड़ा प्रदूषण नियन्त्रण उपायको घोषणा गऱ्यो ।यसमा राष्ट्रीय राजधानी क्षेत्रमा ट्रकको प्रवेश र सार्वजनिक परियोजनाको निर्माणमा अंशकालिक रोक लगाउनु

शामेल छ।

**नेपाल-भारत सीमा सुरक्षा**

नेपाल-भारत सीमा सुरक्षा समन्वयमा एउटा उच्च स्तरीय बैठक आज काठमाण्डूमा शुरू भएको छ। बैठकमा सीमा पार अपराध र अन्य देशका नागरिकको अवैध प्रवेश रोक्नमा चर्चा गरिदैछ। नेपालले सीमावर्ती क्षेत्रमा अपराध नियन्त्रणका लागि सूचनाको आदान-प्रदान, राजस्वको नोकसान, मादक पदार्थ र मानव तस्करीमा नियन्त्रणको प्रस्ताव पेश गरेको छ। भारतको सीमा सुरक्षा बलका महानिदेशक श्री अमृत मोहन प्रसादले नेपालको प्रतिनिधिमण्डल संग पनि चर्चा गर्नुभयो। बैठकमा सशस्त्र पुलिस बलका प्रमुख, गृह मन्त्रालय, राष्ट्रीय जाँच विभाग, सर्वेक्षण विभाग र विदेश मन्त्रालयका अधिकारी सहित उच्च स्तरीय सुरक्षा अधिकारीले भाग लिरहेका छन्। भारतीय प्रतिनिधिमण्डलले हिजो गृहमन्त्री श्री रमेश लेखकसंग भेटघाट गऱ्यो। नेपालका गृहमन्त्रीले भन्नुभयो, सीमा पार गर्ने नागरिक संग सम्मान र गरिमाका साथ व्यवहार गरिनु पर्छ। । नेपाल र भारत बीच पुरानो सम्बन्ध छ र यस्तो बैठकले दुबै देश बीच सम्बन्ध अझै प्रगाढ हुनेछ।

**समाचार आकाशवाणीबाट सुन्नुहुदैछ।**

**श्रीलंका - नया मन्त्रीमण्डल**

श्रीलंकाको नवनियुक्त मन्त्री परिषदले आज कोलम्बो स्थित राष्ट्रपति सचिवालयमा राष्ट्रपति **श्री अनुरा कुमारा दिसानायके** समक्ष शपथ लियो। बाइस सदस्यीय मन्त्रीमण्डलमा अनुभवी राजनीतीज्ञ र नयाँ प्रतिभाको मिश्रण छ, जसको लक्ष्य देशको ज्वलन्त मुद्दाको समाधान गर्नु र सतत विकासको दिशामा एक मार्ग तयार गर्नु हो। **डा. हरिनी अमरसूर्या** प्रधानमन्त्रीका रूपमा

बनी रहनु हुन्छ र उहाँले शिक्षा, उच्च शिक्षा र व्यावसायिक शिक्षा मन्त्रालयको पनि देखरेख गर्नुहुनेछ। उहाँको दोहोरो भूमिकाले शिक्षामा सुधार र कार्यबललाई सशक्त बनाउनका लागि व्यावसायिक प्रशिक्षणको अवसरलाई बढ़ाउनमा प्रशासनको जोडलाई उजागर गर्दछ। यसैगरी, **श्री विजिता हेराथ** विदेश मामिला , विदेशी रोजगार र पर्यटन मन्त्रीका रूपमा रहनुहुनेछ। अन्य प्रमुख नियुक्तीमा श्री बिमल रथनायके शामेल हुनुहुन्छ जसलाई परिवहन, राजमार्ग र नागरिक उड्डयनको कार्यभार सुम्पिएको छ भने , **डा. नलिन्डा जयतिसालाई** स्वास्थ्य र मीडियाको प्रभार दिइएको छ।

**आयुष्मान स्वास्थ्य कार्ड**

भर्खरै शुरूगरिएको आयुष्मान वय वन्दना काडले सत्तरी वर्ष र अधिक आयुका दस लाख भन्दा अधिक वरिष्ठ नागरीकलाई नामाङ्कित गरेर एउटा महत्वपूर्ण उपलब्धि हासील गरेको छ। यो कार्डले बुजुर्ग नागरिकलाई आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना **(ए.बी पी.एम-जे.ए.वाई)** अन्तर्गत मुफ्त स्वास्थ्य सेवा लाभ प्राप्त गर्न सक्षम बनाउँदछ। स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले भनेको छ , यो उपलब्धि प्रधानमन्त्री श्री नरेन्द्र मोदी द्वारा उनतीस अक्टूबरमा लन्च गरिएको तीन सप्ताह भित्रमा हासेल गऱ्यो । आयुष्मान वय वन्दना काड अन्तर्गत लगभग चार लाख नामाङ्कन महिलाद्वारा गरिएको छ। यसले सत्तरी वर्ष र अधिक आयुका चार हजार आठ सय भन्दा अधिक वरिष्ठ नागरिकलाई लाभ भएको छ, जसमा एक हजार चार सय भन्दा अधिक महिला शामेल छन्।

**अनिवार्य घोषणा पब्लिक स्पीक**

आकाशवाणीले समाचार सेवा प्रभाग हिन्दी र अंग्रेजीमा फोन-इन कार्यक्रम "public speak "-मा, आज **राती साढ़े नौ बजी "डिजिटल जीवन प्रमाण पत्र"** विषयमा परिचर्चा प्रसारित गर्नेछ। पेन्शन र पेन्शन भोगी कल्याण विभागका संयुक्त सचिव **श्री ध्रुव ज्योति सेनगुप्ता** र संयुक्त रक्षा लेखा महानियन्त्रक (पेंशन) **सुश्री मौली सेन गुप्ताले** यसमा भाग लिनुहुनेछ। श्रोता, डिजिटल जीवन प्रमाण पत्रको महत्व, पात्रता र अन्य तकनीकी सम्बन्धमा हाम्रा विशेषज्ञसंग टेलीफोन नम्बर सुन्य , एक ,एक – **दुई तिन चार दुई एक सुन्य पाँच सुन्य** र **सुन्य एक एक - दुई तिन तिन एक चार चार चार चार –मा** प्रश्न सोध्न सक्नुहुनेछ।

अनत्यमा मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले भारतले विकासका लागि नयाँ मार्ग बनाउदै गरेको बताउनुभयो
- केन्द्रीय वित्त मन्त्रीले भारतीय स्टेट ब्याङ्कको अतुलनीय विकास गाथाको गर्नुभयो सराहना
- सर्वोच्च न्यायालयले कड़ा प्रदूषण रोधी उपाय लागू गर्न ढिलो भएकोमा गऱ्यो दिल्ली सरकारलाई प्रश्न
- श्रीलंकाको नवनियुक्त मन्त्री परिषदले गऱ्यो शपथ ग्रहण , अनि
- आयुष्मान वय वन्दना काडले दस लाख भन्दा अधिक नागरीकलाई नामाङ्कित गरेर महत्वपूर्ण उपलब्धि गऱ्यो हासील